# संविधान र प्रचलित कानुन वमोजिम प्रदेशले स्थानीय तहकालागि वनाउनपर्ने कानुन, पारस्पारिक सम्वन्ध, जिम्मेवारी एवं जवाफदेहीता वारे संक्षिप्त प्रस्तुती

खिमलाल देवकोटा, वरिष्ठ अधिवक्ता/संविधानसभा सदस्य

# प्रस्तुतिका विषयहरु

- प्रदेशले वनाउनपर्ने कानुनको सुचि
- सामान्य अवधारणा
- संवैधानिक वन्दोवस्त
- अधिकारको सुचि र सोको विस्तृतिकरण
- संघ प्रदेश र स्थानीय तह वीच अन्तरसम्वन्ध कायम गर्ने सम्वन्धमा वनेको विधेयकका मुख्य व्यवस्था
- कानुन निर्माणको सम्वन्धमा आवश्यक समन्वय र अन्तरसम्वन्धवारे विधेयकको वन्दोवस्त
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- स्थानीय सरकार संचालन ऐन २०७४
- केही व्यवहारिक कुराहरु सहित निष्कर्ष

# प्रदेशले वनाउनपर्ने कानुन

**प्रदेशले अधिकारको सुचिमा उल्लेखित विषयका अतिरिक्त देहायका कानुनहरु निर्माण गर्नुपर्नेछ**

प्रदेशको सरकारी कामकाजको भाषा धारा ७(२)

मुख्यन्यायाधिवक्तको काम कर्तव्य र सेवाका शर्त धारा १६०(७)

प्रदेश सरकारको निर्णय आदेश र तत्सम्वन्धि विषयको प्रमाणिकरण गर्ने धारा १६२(५)

प्रदेश प्रमुखको निर्णय आदेश र तत्सम्वन्धि विषयको प्रमाणिकरण गर्ने धारा १६२(५)

मुख्य मन्त्री र मन्त्रीको पारिश्रमिक धारा १७१

मुख्य मन्त्री र मन्त्रीको शपथ धारा १७२

प्रदेश सभाका सदस्यको सपथ धारा १७९

प्रदेश सभाको विशेषाधिकार धारा १८७(९)

प्रदेश सभा सचिवालयको स्थापना धारा १९५(२)

प्रदेश सभा सचिवको काम कर्तव्य र सेवाका शर्त धारा १९५(३)

सभामुख उपसभामुख र सदस्यको पारिश्रमिक धारा १९६

# प्रदेशले वनाउनपर्ने कानुन

प्रदेश विनियोजन ऐन धारा २०८

पुरक विनियोजन ऐन धारा २०९

पेश्की खर्च ऐन धारा २१०

प्रदेश उधारो खर्च ऐन धारा २११

प्रदेश आकस्मिक कोष ऐन धारा २१२

प्रदेश आर्थिक कार्यविधि ऐन धारा २१३

जिल्ला सभाको अन्य काम कर्तव्य र अधिकार धारा २२०(७)

जिल्ला सभाको संचालन जिल्ला समन्वय समितिका सदस्यको सुविधा र अन्य व्यवस्था धारा २२०(८)

गाउसभा नगरसभाको संचालन, वैठक,समिति गठन, सदस्यले पाउने सुविधा, कर्मचारी कार्यलय स्थापना सम्वन्धि अन्य व्यवस्था धारा१२७

प्रदेश गाउपालिका नगरपालिका वीचको विवाद समाधान प्रकृया धारा २३५

प्रदेश लोकसेवा आयोगको गठन काम कर्तव्य र अधिकार धारा २२०(७)

प्रदेश प्रहरी सम्वन्धि कानुन धारा २६८

प्रदेश सरकारी सेवाको संचालन धारा २८५

# संघ, प्रदेश र स्थानीय सरकारवीच समन्वय

**सामान्य अवधारणाः**

नेपालको संविधानको भाग २० को धारा २३२ मा **“संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ”** भन्ने व्यवस्था गरिएको छ ।

संविधानले विभिन्न एकाईहरु वीच एक अर्कामा **सहयोगात्मक तथा समन्वयात्मक व्यवहार र अन्तरनिर्भरता**को अपेक्षा गरेको कुरा प्रष्ट छ, जुन संघीयताको सहकार्यात्मक मोडलमा आधारित छ ।

संविधानको अनुसुचिहरु हेर्दा **प्रदेश तथा स्थानीय तहहरुलाई प्राप्त अधिकारको प्रयोग गर्दा अन्तर प्रदेश तथा स्थानीय तह वीच समन्वय**को अति आवश्यक हुने देखिन्छ ।

संघीय प्रणालीमा एक सरकारले अर्को सरकारलाई **आर्थिक सहयोग, ऋण वा अन्य प्रकारका सहयोग लिन वा दिन** स्वतन्त्र हुनुपर्दछ, संघ, प्रदेश तथा स्थानीय सरकारहरु **एकापसमा मिलेर सामुहिक परियोजना सञ्चालन तथा प्राकृतिक स्रोत र साधनको संरक्षण र सम्वर्द्धन संयुक्त रुपमा गर्नुपर्ने** भएकोले त्यस्ता सरकारहरुवीच एकासपसमा सहयोग र समन्वयको आवश्यकता पर्दछ ।

संघीय सरकारले संघ, प्रदेश र स्थानीय तहवीचको समन्वय सम्बन्धी बिधेयक संसद समक्ष विचाराधिन छ ।

# संवैधानिक वन्दोवस्त

राज्यशक्तिको प्रयोग संघ प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन वमोजिम गर्नेछन् ५६(३)

धारा ६०(५) राजश्व श्रोतको वाडफाड गर्दा प्रदेश सरकारवाट प्राप्त अनुदान र आफनो श्रोतवाट उठने राजश्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजश्वको क्षमताको आधारमा प्रदेश कानुन वमोजिम वित्तिय समानीकरण अनुदान वितरण गर्नेछ।

धारा १६२(१) कार्यकारीणी अधिकार संविधान र प्रदेश कानुन वमोजिम प्रदेश मन्त्रीपरिषदमा हुनेछ।

धारा १६२(२)शसन व्यवस्थाको सामान्य निर्देशन,नियन्त्रण र संचालन गर्ने अभिभारा प्रदेश मन्त्रीपरिषदमा रहनेछ

धारा १६२(३) कार्यकारिणी कामहरु प्रदेश सरकारका नाममा हुनेछन्

धारा १६२(४) कार्यकारिणी अधिकार अनुसुचि ६ ७ र ९ वमोजिमको सुचिमा उल्लेख भए वमोजिम हुनेछन्

# संवैधानिक वन्दोवस्त

धारा १९३ प्रदेश सभाले समिति गठन गर्न सक्ने

धारा १९४ कार्य संचालन विधि

धारा १९५ प्रदेश सभाको सचिवको नियुक्ति सभामुखको शिफारिसमा प्रदेश प्रमुखले नियुक्त गर्ने र सचिवको योग्यता काम कर्तव्य र अधिकार तथा सेवाका शर्तहरु सहित सचिवालयको स्थपना एवं तत्सम्वन्धि अन्य व्यवस्था प्रदेश कानुन वमोजिम हुने ।

धारा १९६ पदाधिकारीहरुको पारिश्रमिक प्रदेश कानुन वमोजिम हुने

धारा १९७ प्रदेश व्यवस्थापिकीय अधिकार अनुसुचि ६ ७ र ९ मा उल्लेख भएवमोजिम हुने

धारा २०२ वमोजिम अध्यादेश जारी गर्न सक्ने

धारा २१३ आर्थिक कार्यविधि सम्वन्धि ऐन प्रदेश ऐन वमोजिम हुने

# संवैधानिक वन्दोवस्त

धारा २२० जिल्ला सभा र जिल्ला समन्वय समिति सम्वन्धि व्यवस्था गरिएको छ

धारा २२०(७)(घ) जिल्ला सभाको अन्य काम कर्तव्य र अधिकार समन्वय र अनुगमनका अतिरिक्त प्रदेश कानुन वमोजिमका अन्य कार्यहरु गर्ने ।

धारा २२०(८) जिल्ला सभाको संचालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभा सम्वन्धि अन्य व्यवस्था प्रदेश कानुन वमोजिम हुनेछ ।

धारा २२६ गाउ सभा र नगर सभाले अनुसुचि ८ र ९ वमोजिमका विषयमा आवश्यक कानुन वनाउन सक्ने तर कानुन वनाउने प्रकृया प्रदेश कानुन वमोजिम हुनेछ ।

धारा २२७ गाउ सभा र नगर सभाको संचालन, वैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रित्त हुने अवस्था, गाउ सभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्वन्धि अन्य व्यवस्था प्रदेश कानुन वमोजिम हुनेछ ।

धारा २३०(२) गाउ र नगर कार्यपालिकाले राजश्व र व्ययको अनुमान पेश गर्दा घाटा वजेट निर्माण गर्नुपर्नेभएमा संघीय कानुन र प्रदेश कानुन वमोजिम घाटा पुर्ति गर्ने श्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ ।

# संवैधानिक वन्दोवस्त अन्तर सम्वन्धकै विषयमा

धारा २३२ संघ प्रदेश र स्थानीय तह वीचको सम्वन्धः सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने ।

धारा २३२(८) नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्ने र पालना गर्नु गाउ नगर कार्यपालिकाको कर्तव्य हुने ।

धारा २३५ संघ प्रदेश र स्थानीय तह वीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानुन वनाउनेछ ।

*संघ प्रदेश र स्थानीय तह विच अन्तर सम्वन्ध कायम गर्ने सम्वन्धमा वनेको विधेयक* -जो हाल राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा विचाराधिन छ ) ले गरेका व्यवस्थाको चर्चा गरिनेछ ।

# संघ प्रदेश र स्थानीय तह विच अन्तर सम्वन्ध कायम गर्ने सम्वन्धमा वनेको विधेयकका उद्देश्यहरु

नेपालको संविधानको धारा २३२(१) सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा हुने व्यवस्था रहेको ।

धारा २३२(२) राष्ट्रिय महत्वका विषय तथा प्रदेश विच समन्वय गर्न पर्ने विषयमा संविधान र संघीय कानुन वमोजिम नेपाल सरकारले आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन मान्नुपर्ने सम्वन्धित प्रदेश मन्त्रीपरिषदको कर्तव्य हुने व्यवस्था रहेको ।

धारा २३३(१) मा एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्न पर्ने व्यवस्था रहेको ।

धारा २३५(१) मा संघ प्रदेश तथा स्थानीय तह विचको समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानुन वनाउनेछ भन्ने व्यवस्था रहेको ।

मुलुकले अंगिकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृडिकरणकालागि संविधान वमोजिम राज्य शक्तिको प्रयोग संघ प्रदेश र स्थानीय तहवाट हुने र तिनको सम्वन्ध सहकारिता सहअस्तित्व र समन्वयका आधारमा व्यवस्थित गर्न पर्ने भएकाले यो विधेयक तयार गरिएको हो ।

# विधेयकका उद्देश्यहरु

६ वटा परिच्छेद र ३१ वटा दफाहरुमा समेटिएको यो बिधेयकका उद्देश्यहरु निम्न बमोजिम पहिल्याउन सकिन्छः

- ✓राज्यशक्तिको प्रयोग गर्ने संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगलाई व्यवस्थित गर्नु (प्रस्तावना),
- ✓संविधानको धारा २३५(१) मा संघ प्रदेश तथा स्थानीय तह विचको समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानुन वनाउनेछ भन्ने व्यवस्था रहेकोले उक्त व्यवस्था बमोजिमको कानून निमार्ण गर्नु,
- ✓हाल देखा परेका समन्वय र सहकार्यका अन्योलतालाई अन्त्य गर्दै संविधान कार्यान्वयनलाई मार्ग प्रशस्त गर्नु,
- ✓संघीय कानूनको अभावमा प्रदेश तथा स्थानीय तहले भोग्नु परेका समस्याहरुलाई निराकरण गर्दै तत् तत् तहलाई अगाडी बढ्न सहजता प्रदान गर्नु ।

# विधेयकमा समेटिएका मुख्य विषयहरु

संघ प्रदेश र स्थानीय तह वीचको अन्तर सम्वन्धका आधारहरु,

प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तह वीचको अन्तरसम्वन्धका आधारहरु,

कानुन नीति तथा योजना तर्जुमा गर्दा विचार पुराउन पर्ने विषयहरु,

संघीय कानुनवाट व्यवस्थित हुने विषयहरु,

समन्वय र परामर्श गर्ने विधि तथा आधारहरु,

समन्वय परिषदको गठन काम कर्तव्य र अधिकारका विषयहरु,

विशेष समिति र विषयगत समितिको गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

परिषदले संघीय संसदमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था,

नेपाल सरकारले आवश्यक नियम वनाउन सक्ने व्यवस्था आदी ।

# विधेयकका विशेषताहरु

संविधानको भाग २० मा उल्लेख भएको संघ, प्रदेश र स्थानीय तह वीचको अन्तरसम्वन्ध र समन्वयका विषय र आधारहरु स्पष्टसंग उल्लेख गरिएको विधेयक,

संविधानको मर्म र भावना वमोजिम संघीयताको कार्यान्वयनको आधार तयार गर्ने विधेयक,

सहकारिता, समन्वय र सहअस्तित्वको सिद्धान्तका आधारित संघीयता कार्यान्वयन गर्ने महत्वपुर्ण विधेयक,

समन्वय परिषदको गठन र काम गर्ने विधिका विषयमा उल्लेख भएको विधेयक,

विवाद समाधान गर्ने विधि र प्रक्रिया समेतको व्यवस्था भएको विधेयक,

संघ, प्रदेश र स्थानीय तहले प्रयोग गर्ने एकल अधिकार र साझा अधिकारको प्रयोग गर्ने तौर तरिका समेत उल्लेख भएको विधेयक,

संघीय संसदमा प्रतिवेदन पेश गर्ने गरी परिकल्पना गरिएको,

समन्वयको सम्बन्धमा प्रदेश र स्थानीय तहलाई मार्ग दर्शन गरेको बिधेयक,

प्रदेश तथा स्थानीय तहले आवश्यक कानून निमार्ण गर्नको लागि आधार तयार पारिएको बिधेयक,

प्रत्येक तहको समन्वयको लागि संगठन संरचना र कार्यादेश उल्लेख भएको बिधेयक, आदि ।

# संघ, प्रदेश र स्थानीय तहवीचको समन्वयका सम्बन्धमा बिधेयकमा उल्लेख भएका केही महत्वपुर्ण व्यवस्थाहरु

- ✓ संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धका आधारहरुः
  - मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, स्वाभिमान, राष्ट्रिय हीत, गौरव र एकताको संरक्षण गर्ने,
  - सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगमा आधारित,
  - बहुदलीय प्रतिष्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणमा क्रियाशिलता,
  - उद्यमशीलता, मर्यादा र अनुशासनमा आधारित सामाजिक, सांस्कृतिक मुल्यहरुको विकाश र प्रर्वद्धनमा क्रियाशिलता,
  - प्राकृतिक, भौतिक बित्तिय तथा मानव श्रोतको अधिकतम तथा दिगो उपयोग गरी लोकतन्त्रका लाभहरुको न्यायोतिच वितरण गर्ने पद्दती सहितको लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निमार्णमा क्रियाशिलता,
  - बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक बिविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधतावीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहअस्तित्व, सहिष्णुता र सद्भावको संरक्षण तथा प्रर्वद्धनमा क्रियाशिलता,
  - दिगो शान्ति, सुशासन, विकाश र सम्वृद्धिको राष्ट्रिय आकांक्षाको कार्यान्वयनमा क्रियाशिलता,
  - संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयनमा क्रियाशिलता,
  - संविधानको अधिनमा रही संघीय इकाईहरुको कार्यगत स्वतन्त्रताको सम्मान र संस्थागत सुदृढीकरण,
  - सवै तहका सरकारबाट प्रदान गरिने सेवा प्रवाहमा नेपाली नागरिकवीचमा अविभेदको शिद्धान्तको अवलम्बन,
  - संघीय एकाईहरुवीच जिम्मेवारी, श्रोत, साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकाश र विस्तार,
  - कानून तथा नीति कार्यान्वयनमा एकापसमा समन्वय र सहयोग,
  - साझा सरोकार र हीतका विषयमा सूचना आदान प्रदान, परामर्श आपसी समन्वय र सहयोगको वातावरण निमार्ण गर्ने,

# संघ, प्रदेश र स्थानीय तहवीचको समन्वयका ....

- **अन्तर प्रदेश सम्बन्धका आधारहरुः**
  - ✓परस्परिकताको आधारमा न्यायिक वा प्रशासनिक निर्णयको कार्यान्वयन र आपसी सहयोग,
  - ✓एक अर्को प्रदेशको बासिन्दालाई सम्मान, समान व्यवहार र सुरक्षा प्रदान गर्ने,
  - ✓संविधानको अनुसचि ६ मा उल्लेखित अन्तर प्रदेशलाई प्रभाव पार्ने प्रकृतिको विषयमा कानून नीति, योजना तर्जुमा तथा कार्यान्वयन गर्दा आपसी समन्वय, परामर्श र सुचना आदान प्रदान गर्ने,
  - ✓एक प्रदेशबाट अर्को प्रदेशको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध नहुने वा कुनै कर, शुल्क, दस्तुर वा महशुल नलगाउने वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव नहुने सुनिश्चितता,
  - ✓साझा हीत र सरोकार रहेको विषयमा सुचना आदान प्रदान र सहकार्य गर्ने ।

- **प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तहवीचको अन्तरसम्बन्धः**
  - ✓बिधेयकको दफा ३ र ४ मा उल्लेखित आधारहरुको सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी आवश्यक हेरफेर सहित त्यस्तो आधार प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तहवीचको अन्तरसम्बन्ध र समन्वयको सम्बन्धमा समेत लागु हुने,
  - ✓प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तहवीचको अन्तरसम्बन्ध र समन्वय सम्बन्धी कानून बनाउँदा प्रदेशले दफा ३ र ४ लाई समेत आधार मान्नुपर्ने ।

# कानून, नीति तथा योजना तर्जुमा गर्दा विचार गर्नुपर्ने

- संघ, प्रदेश र स्थानीय तहले, नजीर, अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा सिमानाका प्रदेशहरुको साझा हीतका विषय,
- संविधान, कानून, प्राथामिकता, मान्य शिद्धान्त,
- आफुसग सम्बन्धित सुचिका अतिरिक्त अर्को तहको सुचीमा उल्लेखित विषय,
- सुचिमा उल्लेखित विषयहरु वीचको अन्तरसम्बन्ध, निर्भरता र सिमा,
- समग्र संवैधानिक व्यवस्था, उद्देश्य, मान्यता, भावना र मर्म, अर्को वा समान तहको अधिकार,
- सिमाना जोडिएका अन्य प्रदेशको साझा चासो, सरोकार र हीतको विषय,
- साझा अधिकार तथा आर्थिक अधिकारको विषयमा कानून तथा नीति बनाउँदा संघबाट जारी भएका आधारभुत नीति तथा मापदण्ड,
- अनुसचि ९ मा उल्लेखित बिषयमा कानून बनाउदा स्थानीय तहको समेत भुमिका र जिम्मेवारी स्पष्ट गर्ने,
- स्थानीय तहले कानून बनाउदा माथि उल्लेखित विषय बाहेक, प्रदेशका कानून र मापदण्ड, स्थानीय तहका अन्य कानून तथा नीतिसंगको तालमेल, साझा अधिकारका विषयमा कानून बनाउँदा संघ तथा प्रदेश तहबाट जारी भएका आधारभुत नीति तथा मापदण्डको बिचार गर्नुपर्दछ ।

# संघबाट व्यवस्थित हुने विषयहरु

**संघीय कानूनबाट व्यवस्थित हुने विषयहरु**

- ✓ कुनै कार्यलाई फौजदारी कसूरको रुपमा कायम गरी कैद तथा सजायको व्यवस्था गर्ने,
- ✓ सरकारवादी हुने फौजदारी कसूरको अनुसन्धान गर्ने तथा मुद्दा चलाउने,
- ✓ संविधान बमोजिमका बिशिष्ठिकृत अदालत, न्यायिक निकाय, वा न्यायधिकरणको स्थापना गर्ने वा त्यस्तो अदालत, न्यायिक निकाय तथा न्यायधिकरणको क्षेत्राधिकारमा हेरफेर गर्ने,
- ✓ संविधान बमोजिमका अन्य कार्यहरु गर्ने,

**साझा सुचिका विषयमा संघको भूमिका:**

- ✓ संघले पुर्ण र आंशिक रुपमा नियमन गर्नुपर्ने विषय,
- ✓ आधारभुत मापदण्ड र आधार तय गरी संरचनागत कानूनी बन्दोबस्त गर्नुपर्ने विषय,
- ✓ मर्गदर्शन, अनुगमन र सहजीकरण गर्नुपर्ने विषय,
- ✓ संघले समन्वय र सहयोग गर्नुपर्ने विषय,
- ✓ प्रदेश र स्थानीय तह दुवैको भुमिका र जिम्मेवारी रहने विषय,

- **समन्वय र परामर्श गर्नुपर्ने विषयहरु:**
  - ✓ साझा अधिकारका विषयमा कानुन तथा नीति वनाउदा,
  - ✓ दुइ वा दुइ भन्दा वढी प्रदेशहरुको अनुरोधमा कानुन तथा नीति वनाउदा,
  - ✓ राष्ट्रिय महत्वका परियोजना, अन्तर प्रदेशस्तरीय परियोजना वा कार्यक्रम संचालन गर्दा,
  - ✓ प्रदेशको अधिकारको सूचिमा पर्ने विषयमा सन्धि वा संझौता गर्दा,
  - ✓ नेपाल सरकारले उपयुक्त ठहराएका अन्य विषयहरु ।

# अभिलेख राख्ने तथा कानूनको प्रकाशन गर्ने व्यवस्था

- ✓ प्रदेशले बनाएको ऐन, नियमावली र गठन आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने,
- ✓ स्थानीय तहले बनाएको ऐन र नियमावली स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने,
- ✓ प्रदेश तथा स्थानीय तहले बनाएको नीति, निर्देशिका र कार्यविधि सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्ने,
- ✓ प्रदेश तथा स्थानीय तहले बनाएको ऐन र नियमावलीको प्रमाणीकरण प्रति सम्बन्धित तहले सुरक्षित रुपमा अभिलेख राख्नुपर्ने,
- ✓ प्रदेश तथा स्थानीय तहले बनाएको ऐन, नियमावली र गठन आदेशको प्रमाणित प्रति नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्ने,
- ✓ स्थानीय तहले बनाएको ऐन, नियमावली तथा अन्य कानूनको एकप्रति प्रदेश सरकारलाई समेत पठाउनु पर्ने,
- ✓ संघ, प्रदेश र स्थानीय तहबाट संविधान तथा प्रचलित कानून बमोजिम पारित भएका सार्वजनिक लिखतको एकीकृत अभिलेख रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउन सक्ने ।

# सहयोग गर्नुपर्ने

- ✓ प्रदेश र स्थानीय तहको अधिकार सूचि तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्न सक्ने,
- ✓ स्थानीय तहको अधिकार सूचि तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा स्थानीय तहबाट अनुरोध भई आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्ने,
- ✓ नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई कानून बनाउनको लागि नमुना कानूनको मस्यौदा बनाई उपलव्ध गराउन सक्ने,
- ✓ संघले बनाएको कानून, नीति तथा योजना कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहले आवश्यक सहयोग गर्नुपर्ने,
- ✓ प्रदेश र स्थानीय तहको अधिकार सूचि तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा प्रदेश र स्थानीय तहले बनाएको कानून, नीति तथा योजना कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्ने ।

# निर्देशन दिन तथा ध्यानाकर्षण गर्न सक्ने

**निर्देशन दिन सक्ने:**

- ✓ संविधान, यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्दा नेपाल सरकारले राष्ट्रिय महत्व तथा प्राथमिकता वा प्रदेशहरुवीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई आवश्यक निर्देशन दिन सक्ने,
- ✓ संविधाान, यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्दा नेपाल सरकारले आफै वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका तथा नगर कार्यपालिकालाई आवश्यक निर्देशन दिन सक्ने,
- ✓ प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तहवीच समन्वय कायम गर्न तथा संघीय र प्रदेश कानूनको कार्यान्वयनमा प्रभावकारीता ल्याई सार्वजनिक हीत कायम गर्न प्रदेश मन्त्रिपरिषदले गाउँ कार्यपालिका तथा नगर कार्यापालिकालाई आवश्यक निर्देशन दिन सक्ने,
- ✓ त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित तहको कर्तव्य हुनेछ ।

- **ध्यानाकर्षण गर्न सक्ने:**

- ✓ प्रदेश तथा स्थानीय तहले बनाएको कानून संविधान तथा संघीय कानून प्रतिकुल भएमा नेपाल सरकारले ध्यानाकर्षण गराउन सक्ने,
- ✓ त्यस किसिमको ध्यानाकर्षण भएका विषयमा परिमार्जन गर्नु प्रदेश तथा स्थानीय तहको कर्तव्य हुने ।

# राष्ट्रिय समन्वय परिषद सम्बन्धी व्यवस्था

- ✓ प्रधानमन्त्री – अध्यक्ष
- ✓ नेपाल सरकारका अर्थमन्त्री – सदस्य
- ✓ नेपाल सरकारका कानून, न्याय तथा संसदीय मामिला मन्त्री – सदस्य
- ✓ नेपाल सरकारका गृहमन्त्री – सदस्य
- ✓ नेपाल सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री – सदस्य
- ✓ सवै प्रदेशका मुख्य मन्त्रीहरु – सदस्य
- ✓ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष – सदस्य
- ✓ गाउँपालिका महासंघ, नगारपालिका महासंघ तथा जिल्ला समन्वय समिति महासंघबाट सवै प्रदेशबाट प्रतिनिधित्व हुने गरी समावेशी शिद्धान्तका आधारमा प्रधानमन्त्रीले मनोनयन गरेका कम्तिमा दुई महिला सहित सातजना – सदस्य

# परिषदको काम कर्तव्य र अधिकार

- साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमाको लागि संघ, प्रदेश र स्थानीय तहवीच समन्वय गर्ने,
- प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हीत तथा स्वार्थसंग जोडिएको विषयमा समन्वय गर्ने,
- राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने,
- अन्तर प्रदेश तथा स्थानीय तहलाई प्रभाव पार्ने कानून नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने,
- शिक्षा, स्वास्थ्य, रोजगारी लगाएतको विषयमा गुणस्तर र एकरुपता कायम गर्न आधारभुत मापदण्ड निर्धारण गर्ने विषयमा समन्वय गर्ने,
- संघीयता कार्यान्वयनको सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबाट बनेका नीति, कानून तथा योजनाको समिक्षा तथा बिश्लेषण गर्ने, गराउने,
- संघ, प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहको विषयमा सामन्जस्यता कायाम गर्न आवश्यक कार्य गर्ने,
- कानून निमार्ण तथा कार्यान्वयनको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई सुझाव दिने,
- नेपाल सरकार, मन्त्रिपरिषद, विषयगत समिति र प्रदेश समन्वय परिषदबाट छलफलको लागि पठाएका विषयमा आवश्यकता अनुसार छलफल तथा समन्वय गर्ने,

# विषयगत समिति सम्बन्धी व्यवस्था

संघ र प्रदेशका सम्बन्धित विषय हेर्ने मन्त्रालय तथा स्थानीय तहवीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकाश निमार्ण लगाएतका काममा प्रभावकारीता ल्याउन निम्न बमोजिमका विषयगत समितिको व्यवस्था गरिएको छः

- ✓ नेपाल सरकारको सम्बन्धित विषय हेर्ने मन्त्री – अध्यक्ष
- ✓ प्रदेश सरकारका सम्बन्धित विषय हेर्ने मन्त्री – सदस्य,
- ✓ अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष – सदस्य

# विषयगत समितिको काम कर्तव्य र अधिकार

- ✓ आफ्नो विषयसंग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीयतहसंग परामर्श गर्ने,
- ✓ क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवम् गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारीता ल्याउन आवश्यक समन्वय गर्ने,
- ✓ आफ्नो विषयसंग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाको लागि परिषदलाई सुझाव दिने,
- ✓ परिषदको निर्णय एवम् निर्देशन कार्यान्वयन गर्ने, गराउने,
- ✓ परिषदले तोकेका अन्य काम गर्ने ।

# प्रदेश समन्वय परिषद र जिल्ला समन्वय समिति

## प्रदेश समन्वय परिषदको गठनः

- ✓प्रदेश र स्थानीय तहवीचको समन्वय कायम गर्न प्रदेश कानून बमोजिम एक प्रदेश समन्वय परिषदको गठन हुनेछ।
- ✓प्रदेश समन्वय परिषदको काम कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।
- ✓प्रदेश समन्वय परिषदले गरेको निर्णय प्रदेश सरकार र प्रदेशभित्रका स्थानीय तहले पालना र कार्यान्वयन गर्नुपर्नेछ।
- ✓राष्ट्रिय समन्वय परिषदले प्रदेश समन्वय परिषदलाई आवश्यक निर्देशन दिन सक्नेछ र परिषदले दिएको त्यस्तो निर्देशन पालना गर्नु प्रदेश समन्वय परिषदको कर्तव्य हुनेछ।

## जिल्ला समन्वय समितिको भूमिकाः

- ✓संघ, प्रदेश र स्थानीय तहवीच समन्वय कायम गर्न जिल्ला समन्वय समितिले संविधानको धारा २२० को उपधारा (७) बमोजिमको काम कर्तव्य र अधिकार प्रयोग गर्नेछ।
- ✓प्रदेश र स्थानीय तहवीच समन्वय कायम गर्ने सम्बन्धमा जिल्ला समन्वय समितिले प्रदेश कानूनमा उल्लेख भए बमोजिमको कार्य गर्नेछ।
- ✓संघ, प्रदेश र स्थानीय तहवीचको समन्वयलाई प्रभावकारी बनाउन नेपाल सरकार, परिषद, विषयगत समिति तथा प्रदेश समन्वय परिषदले जिल्ला समन्वय समितिलाई आवश्यक जिम्मेवारी प्रदान गर्न सक्नेछन्।

# विवाद समाधान सम्बन्धी व्यवस्था

- संघ, प्रदेश र स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रको कार्य सम्पादन गर्दा विवाद नआउने गरी सम्पन्न गर्नुपर्ने छ ।
- अन्तर प्रदेश परिषदले संघ र प्रदेश वीच तथा प्रदेश प्रदेश वीच उत्पन्न राजनैतिक विवाद समाधान गर्नेछ ।
- (क) नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट प्रदेशको अधिकार सुचि वा कार्य जिम्मेवारीमा प्रतिकुल असर परेको कारणबाट उत्पन्न विवाद,
- (ख) प्रदेश सरकार वा प्रदेश सरकारको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट संघको अधिकार सुचि वा कार्य जिम्मेवारीमा प्रतिकुल असर परेको कारणबाट उत्पन्न विवाद,
- (ग) एक वा एकभन्दा बढी प्रदेशबाट भएको निर्णय वा काम कारवाहीबाट अर्को प्रदेशको अधिकार सुचि वा कार्य जिम्मेवारीमा प्रतिकुल असर परेको कारणबाट उत्पन्न विवाद ।
- **विवाद समाधान गर्न अवलम्बन गर्ने बिधि:** विवादित प्रश्न वा विषय पहिचान गर्ने, विवादको प्रकृति निर्धारण गर्ने, कारण पहिचान गर्ने, समाधानका उपाय वा विकल्पहरुको खोजी गर्ने र अन्तर प्रदेश परिषदले मनासिव ठानेका अन्य कार्य गर्ने ।

# प्रदेश तथा स्थानीय तह र अन्तर स्थानीयतह बीचको विवाद

- ✓ प्रदेश तथा स्थानीयतह बीच तथा अन्तर स्थानीयतह बीचको देहायका राजनैतिक विवादको समाधान प्रदेश सभाले गर्नेछः
  - (क) प्रदेश सरकार वा प्रदेश सरकारको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट स्थानीय तहको अधिकार सुचि वा कार्य जिम्मेवारीमा प्रतिकुल असर परेको कारणबाट उत्पन्न विवाद,
  - (ख) स्थानीय तहको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट प्रदेशको अधिकार सुचि वा कार्य जिम्मेवारीमा प्रतिकुल असर परेको कारणबाट उत्पन्न विवाद,
  - (ग) एक वा एक भन्दा बढी स्थानीय तहबाट भएको निर्णय वा काम कारवाहीबाट अर्को स्थानीय तहको अधिकार सुचि वा कार्य जिम्मेवारीमा प्रतिकुल असर परेको कारणबाट उत्पन्न विवाद ।
- ✓ **विवाद समाधान गर्दा अवलम्बन गर्ने विधिः**
  - ✓ विवादित प्रश्न वा विषय पहिचान गर्ने, विवादको प्रकृति निर्धारण गर्ने, कारण पहिचान गर्ने, समाधानका उपाय वा विकल्पहरुको खोजी गर्ने र समितिले उपयुक्त ठानेका अन्य कार्य गर्ने ।
- ✓ **प्रतिवेदन पेश गर्नुपर्नेः**
  - ✓ यस ऐन बमोजिम आफुले सम्पादन गरेका काम कारवाहीका सम्बन्धमा प्रदेश समन्वय परिषद र विषयगत समितिले परिषदमा र परिषदले संघीय संसदमा बार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- ✓ यो ऐन कार्यान्वयन गर्न परिषदसंग परामर्श गरी नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्ने छ ।

# राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४

प्रदेशले स्थानीय तहलाई दिने वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान सम्वन्धमा प्रदेशलाई शिफारिस गर्ने

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहवीच राजश्वको वाडफाड सम्वन्धि उठेको विवाद समाधान गर्न आवश्यक सहजीकरण र सहयोग गर्ने ।

नेपाल सरकारले स्थानीय तहलाई दिने अनुदान सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने

नेपाल सरकार तथा प्रदेशले राजश्व वाडफाडका सम्वन्धमा कुनै सुझाव मागेमा आवश्यक सुझाव दिने

नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहले लगाउने करका सम्वन्धमा आवश्यक सुझाव दिने

प्राकृतिक श्रोतको संरक्षण र उपयोगका विषयमा नेपाल सरकार प्रदेश तथा स्थानीय तहलाई आवश्यक सुझाव दिने

आयोगले यसरी सुझाव दिदा स्थानीय तथा प्रदेश तहको कार्य सम्पादन समेतलाई आधार लिनेछ ।

# अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४

**एकल कर प्रशासन सम्वन्धी व्यवस्था**

नेपाल सरकार प्रदेश तगा स्थानीय तह मध्य कुनै दॅई तहले उठाउने कर एकल कर प्रशासन सम्वन्धि व्यवस्था वमोजिम उठाईनेछ ।

प्रदेशले सवारी साधन कर उठाउदा स्थानीय तहले लगाएको कर समेत उठाउने

स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउदा प्रदेशले लगाएको समेत उठाउने

स्थानीय तहले विज्ञापन कर उठाउदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने

स्थानीय तहले मनोरन्जन कर उठाउदा प्रदेशले लगाएको मनोरन्जन कर समेत उठाउने

यसरी उठाएको करको प्रशासनीक खर्च वापत वढीमा दॅई प्रतिशत रकम त्यस्तो कर उठाउने तहले आफनो संचित कोषमा जम्मा गरी वाकी रकम जुन तहको कर उठाएको हो उसैको संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

# अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४...

नेपाल सरकारले निर्देशन दिन सक्ने र पालना गर्ने कर्तव्य रहने

एक प्रदेशले अर्को प्रदेशको वित्त सम्वन्धि कानुन निर्णय वा आदेश कार्यान्वयन गर्न सहयोग गर्न पर्ने

एक प्रदेशले अर्को प्रदेशको वासिन्दालाई वित्त सम्वन्धी विषयमा समान सुरक्षा व्यवहार र सुविधा उपलव्ध गराउन पर्नेछ

एक प्रदेशले अर्को प्रदेशको वित्त सम्वन्धी साझा हित र चासोका विषयमा सुचना आदान प्रदान गर्न वा परामर्श गरी समन्वय र सहयोग गर्न पर्ने

एकापसमा समन्वय गरी एकद्वार प्रणाली मार्फत राजश्व उठाउने व्यवस्था गर्न सक्नेछन्

एकापसमा समन्वय गरी यथासम्भव समान रुपमा राजश्वका दरहरु कायम गर्न सक्नेछन्

# स्थानीय सरकार संचालन ऐन २०७४

दफा ४ गाउपालिक र नगरपालिकाको नाम र केन्द्र हेरफेरको जानाकारी प्रदेश सरकारलाई दिनपर्ने ।

दफा ६ वडाको संख्या र सिमाना हेरफेर गर्न सभाको दुइतिहाईवाट गर्ने र प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउन पर्ने वडाको केन्द्र हेरफेर भएमा ३५ दिनभित्र प्रदेश सरकारलाई जानाकारी दिन पर्ने ।

दफा ७ गाउपालिका नगरपालिका आपसमा गाभिने प्रस्ताव प्रदेश सरकारलाई पठाउनपर्ने र प्रदेश सरकारले नेपाल सरकारमा शिफारिस गर्ने ।

दफा ८ नेपाल सरकारले सम्वन्धित स्थानीय तह र प्रदेश सरकारसंग परामर्श गरी नगरपालिक घोषणा गर्न सक्ने

दफा ९ प्रदेश सरकारले सास्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा गरी विशेष कार्यक्रम तथा वजेटको व्यवस्था गर्न सक्ने

दफा ११(३) संघीय तथा प्रदेश स्तरीय आयोजनाको कार्यान्वयनमा समन्वय र सहजिकरण  सहयोग गर्ने तथा संघ र प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने गरी साझा अधिकारको प्रयोग गर्न सक्ने

संघीय र प्रदेश कानुनको अधिनमा रही देहायको काम कर्तव्य र अधिकार हुने भन्ने उल्लेखनले गाउ तथा नगरको काम कर्तव्य र अधिकारका विषयमा प्रदेशले कानुन वनाउन सक्ने र पर्ने (हालको स्थानीय सरकार संचालन ऐन प्रदेश सभा नभएको वेला प्रदेश सभाको अधिकार प्रयोग गरी रुपान्तरित संसदले वनाएको हो )

# स्थानीय सरकार संचालन ऐन २०७४ का अन्य व्यवस्थाहरु

भुमि व्यवस्थापन सम्वन्धमा संघीय तथा प्रदेशको कानुनको अधिनमा रही स्थानीय स्तरको भुउपयोग नीति योजना र कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने दफा ११(५) को क को १ को व्यवस्था

संघ र प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकास कार्यक्रमको तर्जुमा र कार्यान्वयन एकिकृत वस्ती विकासकालागि जग्गा एकिकरण तथा जग्गा विकास व्यवस्थापर्ने दफा ११(५) को क को २ को व्यवस्था

संघीय तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय क्षेत्र भित्र ईन्टरनेट सेवा टेलिसेन्टर केवुल तथा तार विहिन टेलिभिजन प्रसारणको अनुमति,नविकरण र नियमर्न दफा ११(५) को -ख)को १ को व्यवस्था

दफा ११(६) वमोजिम संघ वा प्रदेशले संविधान र प्रचलित कानुन वमोजिम आफनो अधिकारक्षेत्रभित्रको कुनै विषय गाउ वा नगरपालिकालाई कानुन वनाई निक्षेपण गर्न सक्नेछ।

दफा ११(८) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पुर्व स्वीकृति लिई विदेशका स्थानीय सरकारसंग भगिनी सम्वन्ध कायम गर्न सक्नेछ

# स्थानीय सरकार संचालन ऐन २०७४ का अन्य व्यवस्थाहरु

स्थानीय सरकार संचालन ऐन २०७४मा तोकिएको योजना तर्जुमा तथा कार्यान्वयनमा नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमकालागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रकृया निर्धारण गरेको सोही वमोजिम गर्न पर्ने दफा २४(७) को व्यवस्था ।

दफा२४(८)संयुक्त लगानी वा सार्वजनिक नीजि साझेदारीमा कुनै योजना संचालन तथा व्यवस्थापन गर्नसक्ने

दफा २४(९)संघ प्रदेश स्तरको आयोजना कार्यान्वयनमा समन्वय सहजिकरण र सहयोग गर्नुपर्ने ।

दफा ४४ मा राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्वन गर्न पर्ने तर स्थानीय मापदण्ड पनि वनाउन पाउने ।

दफा ६३ कर शुल्क वा दस्तुर लगाउन नपाईने (कर छुट पाउने कुटनीति नियोग, वैदेशिक सहायता वा रिणका परियोजना तथा नेपाल सरकारले लगानी आकर्षण गर्न प्रोस्ताहित गरेका परियोजनाहरु )

दफा ६४ दोहोरो अधिकारक्षेत्र भित्रका कर निर्धारण संकलन तथा वाडफाड को छुटटै व्यवस्था:

दफा ६८ रिण लिन सक्ने नतिरेमा अनुदानवाट कटटा हुने

दफा ९५ जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयहरुले  जिल्ला सभासंगको समन्वयमा काम गर्न पर्नेछ

दफा ९९ नेपाल सरकारले प्रदेश सरकारको परामर्शमा विशेष,संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्ने त्यस क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्न सक्ने त्यस्तो कार्यक्रम गर्दा स्थानीय तहसंग समन्वय गर्न पर्ने

# प्रदेश समन्वय परिषद (*ऐनको दफा १०५ को व्यवस्था*)

प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामान्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक श्रोत साधनको उपयोग वाडफाड सम्वन्धी विषयमा प्रदेश र स्थानीय तहवीच समन्वय कायम गर्न एक प्रदेश समन्वय परिषद रहनेछ।

| | |
|---|---|
| मुख्य मन्त्री | संयोजक |
| प्रदेश सरकारका मन्त्रीहरु | सदस्य |
| प्रदेशको मुख्य सचिव | सदस्य |
| प्रदेश सरकारका सचिवहरु | सदस्य |
| प्रदेश भित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख | सदस्य |
| प्रदेश भित्रका गाउ तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुख | सदस्य |
| सचिव प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालय | सदस्य सचिव |

मन्त्रालयका पदाधिकारी तथा विज्ञलाई पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सकिने।

# सहयोग गर्नुपर्ने (ऐनको दफा १०६ को व्यवस्था)

- गाउपालिका तथा नगारपालिकाको वार्षिक योजना तथा वजेट तर्जुमा प्रकृया प्रारम्भ हुने समय अगावै संघीय सरकार र प्रदेश सरकारको वजेट सीमा र राष्ट्रिय तथा प्रदेशको प्राथमिकता, मापदण्ड सहिको मार्गदर्शन उपलव्ध गराउने
- गाउपालिका तथा नगरपालिकाको अधिकारक्षेत्रभित्रको विषय संग सम्वन्धित समानान्तर कार्यालय खारेज गरी गाउपालिका तथा नगरपालिकाको विषयगत ईकाई वा शाखाको क्षमता विकास गर्ने
- विषयगत मन्त्रालयको क्षेत्राधिकारभित्रका गाउ पीलका वा नगरपालिकामा कार्यान्वयन हुने योजना गाउपालिका वा नगरपालिकाको समन्वयमा संचालन गर्ने
- नेपाल सरकार प्रदेश सरकारको अधिकारक्षेत्रभित्रका कुनै योजना गाउपालिका वा नगरपालिकावाट कार्यान्वनय गर्दा वढी प्रभावकारी हुने देखिएमा गाउपालिका वा नगरपालिकावाट कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाई सो योजनाको लागि छुटयाईएको  वजेट अन्य श्रोत समेत त्यस्तो गाउपाकि वा नगरपीलकालाई उपलव्ध गराउने
- नेपाल सरकारले गाउपालिका तथा नगरपालिकाकोलागि आवश्यक नमुना कानुनको ढाचा तयार गरी उपलव्ध गराउने
- गाउपालिका तथा नगरपालिकाको निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने
- गाउपालिका तगा नगरपालिकाको सशक्तिकरण गर्न अन्य आवश्यक कार्य गर्ने
- नेपाल सरकार तथा प्रदेश सरकारले जिल्ला समन्वय समितिको अधिकार सम्वन्धि विषयमा कार्य गर्न सो समीतिलाई आवश्यक सहयोग गर्ने

# विविध

सम्पत्ति विवरण पेश गर्ने : प्रदेश सरकारले सोको संरक्षण र व्यवस्थापन प्रचलित कानुन वमोजिम गर्ने

आचार संहिता वनाई लागु गर्ने :

(स्वार्थ जोडिएको विषयमा संलग्न नहुने, पारदर्शी जवाफदेही कार्य प्रकृयाको अवलमवन गर्ने, सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्न नहुने, सार्वजनिक शिष्टाचार तथा सुशासन प्रवर्द्धन, एक अर्को स्थानीय तह, प्रदेश र संघको कार्यप्रणाली तथा अधिकार क्षेत्रको सम्मान गर्न पर्ने लगायतका विषय समावेश गर्ने )

निर्देशनको पालना गर्न पर्ने

सम्पर्क मन्त्रालयका रुपमा नेपाल सरकार र प्रदेश सरकारको स्थानीय मामला हेने मन्त्रालय हुने ।

प्रचलिक कानुनमा जुनसुकै कुरा लेदिएको भएतापनि यस ऐनमा लेखिएका कुरामा यसै वमोजिम हुनेछ ।

# निष्कर्षमा

समन्वय,सहकारिता र सहअस्तित्वको सिद्धान्तमा आधारित हाम्रो संघीयता हाम्रो आफनै विशेषता र मौलितकताको छ यसलाई यसै आधारमा विकास गर्न पर्छ ।

एकल र साझा सुचिको प्रयोग गर्दा यो सिद्धान्तलाई सदैव ख्याल गर्न जरुरी छ ।

एकल सुचिको प्रयोग गर्दा अर्को तहको अधिकारको ख्याल गर्ने साझा सुचिका विषयमा काम गर्दा समन्वय गर्ने । साझा सुचिका विषयमा अर्को तहले कानुन वनाएन भने पनि आधार र मापदण्ड नेपाल सरकारले तय गर्ने भनेकोमा वाहेक कुर्न पर्दैन ।

जिल्ला सभाको संचालन,जिल्ला समन्वय समितिका सदस्यहरुले पाउने सुविधा तथा जिल्ला सभा सम्वन्धि अन्य व्यवस्था प्रदेश कानुन वमोजिम हुनेछ । -धारा २२०(८)

गाउसभा र नगरसभाको संचालन, वैठकको कार्यविधि, समिति गठन,सदस्यको पद रिक्त हुने अवस्था, गाउ सभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउ पालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्वन्धि अन्य व्यवस्था प्रदेश कानुन वमोजिम हुनेछ । (धारा २२७)

स्थानीय सरकार संचालन ऐन २०७४ संविधानको धारा २९६(१) वमोजिम वनेको अवस्था

प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरुको गठन र संचालनः आवश्यक प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ ।

संघ प्रदेश र स्थानीय तहवीच अन्तरसम्वन्ध कायम गर्ने विधेयकले कानुन, नीति, योजना र कार्यक्रम तर्जुमा गर्न र कार्यान्वयन गर्न समेत आपसी समन्वय र परामर्श सहित अन्तरसम्वन्धका आधारहरुको व्यवस्था गरेकोछ सोको अवलम्वन गर्न जरुरी छ ।

# निष्कर्षमा

धारा २३४(१) वमोजिमको अन्तर प्रदेश परिषद राजनैतिक विवाद समाधान गर्ने निकाय हो

धारा १३७ वमोजिमको सवोच्च अदालतको संवैधानिक ईजलाश कानुनी र संवैधानिक विवाद हल गर्ने निकाय हो ।

संविधानको भाग २० धारा २३२, २३३ र २३५ समेतका आधारमा प्रस्तुत विधेयकमा उल्लेखित राष्ट्रिय समन्वय परिषद तिनै तह वीच समन्वय गर्ने निकाय हो ।

धारा २३५(२) वमोजिम प्रदेश सभा प्रदेश र स्थानीय तह एवं स्थानीय तह स्थानीय तह विचको विवाद समाधान गर्ने निकाय हो ।

स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०५ वमोजिमको प्रदेश समन्वय परिषद नीतिगत सामान्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग, प्राकृतिक श्रोत साधनको उपयोग र वाडफाड सम्वन्धि विषयमा प्रदेश र स्थानीय तह वीचको समन्वय कायम गर्ने अंग हो ।

संघ प्रदेश र स्थानीय तिनै तह आपसमा स्वायत्त छन्,त्यसैगरी आपसमा अन्तरसम्वन्धित पनि छन् । त्यसैले समन्वयको खाचो छ ।

# धन्यवाद